# व्यापारीले करोडौं राजस्व छले

TUESDAY, 27 NOVEMBER 2012 08:31 नागरिक

Like 0 Tweet 0

(0 votes, average 0 out of 5)

रितेश त्रिपाठी, वीरगन्ज, मंसिर १२ - भारत तथा तेस्रो मुलुकबाट गेडागुडी, दाल र तेल आयात गर्ने व्यवसायीले भन्सारमा न्यून मूल्य (न्यूनविजकीकरण) घोषणा गरी करोडौं राजस्व छलेका छन् ।




दाल, तेल र गेडागुडीलगायत खाद्यान्न आयात गर्दा व्यापारीले भन्सारमा घोषणा गरेको मूल्यसँग बजार मूल्य तुलना गर्दा करोडौं राजस्व छलेको देखिएको हो ।

यसरी आयातित सामानलाई भन्सारमा ३५ रुपैयाँ प्रतिकिलो मूल्य घोषणा गर्ने व्यवसायीले बजारमा १ सय ५० रुपैयाँसम्ममा बेचिरहेका छन् । उनीहरूले भन्सार तिर्न घोषणा गरेको मूल्यका तुलनामा बजार मूल्य पाँच गुणासम्म फरक परेको हो । दाल र गेडागुडीमा १० प्रतिशत भन्सार महशुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) लाग्ने व्यवस्था छ ।

भन्सारका एक अधिकारीका अनुसार बढी मूल्यमा किनेको सामानलाई भन्सार छल्नकै लागि न्यूनविजकीकरण गरिएको हो । 'रहरको दाल भारतमै १ सय रुपैयाँभन्दा बढी पर्छ, उनले भने, 'भन्सार छल्न यसलाई ४० रुपैयाँमा किनेको घोषणा गरिएको हो ।'

सरकारले व्यवसायीद्वारा घोषणा गरिएको मूल्यमा १० प्रतिशत थपेर सामान किन्न सक्ने व्यवस्था भए पनि भन्सारका उच्च अधिकारीहरूको मिलेमतोका कारण यसो हुन नसकेको उनले बताए ।

वीरगन्ज भन्सारका अनुसार व्यवसायीले भारतबाट आयातित रहर दाललाई किलोको ४० रुपैयाँ भन्सार तिरेर छुटाइरहेका छन् । त्यही दाल वीरगन्जमा १ सय ३० रुपैयाँ किलोमा किनबेच भइरहेको छ ।

व्यवसायीले भरेको भन्सार प्रज्ञापनअनुसार ३५ रुपैयाँ २० पैसादेखि ३७ रुपैयाँ किलो घोषणा गरिएको मसुरो दालको मूल्य बजारमा ९५ रुपैयाँ पर्छ । यस्तै मासको दाल आयात गर्नेले वीरगन्ज भन्सारमा ४० रुपैयाँ किलोमा खरिद गरेको बताएका छन् ।

सीमासँग जोडिएको वीरगन्ज बजारमा अहिले मासको दालको न्यूनतम १ सय रुपैयाँ किलो छ।

प्रतिलिटर १ सय १ रुपैयाँ भाउमा भन्सार महशुल तिरेर ल्याइएको तोरी तेल अहिले १ सय ८४ रुपैयाँ लिटरमा किनबेच भइरहेको छ । यस्तै दरमा ल्याएको सूर्यमुखी तेल १ सय ९० रुपैयाँ लिटरका दरले वीरगन्ज बजारमा पाइन्छ ।

वीरगन्ज भन्सारमा मात्र होइन सुक्खा बन्दरगाह हुँदै रुस र युक्रेनबाट आयातित सेतो केराउ भन्सारमा ३९ रुपैयाँ किलोका दरले राजस्व तिरिएको छ । बजारमा भने यो ७० रुपैयाँमा बिक्री हुने गरेको छ । अमेरिका र फ्रान्सबाट आयातित हरियो केराउलाई भन्सारमा बढीमा ५२ रुपैयाँ किलोका दरले राजस्व तिरिए पनि बजार पुग्दा कम्तिमा ८० रुपैयाँमा किनबेच भइरहेको छ । (सबै वस्तुको विवरण चार्टमा हेर्नुहोस्)

वीरगन्ज भन्सार प्रमुख रामहरि अर्यालले व्यापारीबाट पेस भएका बिलअनुसार भन्सार महसुल निर्धारण गर्ने गरिएको बताए । 'हामीसँग रहेको सन्दर्भ मूल्यसूची मोटामोटी आधारमात्र हो, एउटै वस्तुको गुणस्तरअनुसार फरक-फरक बजार भाउ हुन सक्छ ।

यतिमात्रै हुन्छ भनेर किटानी गर्न सकिँदैन,' उनले भने, 'भन्सार महसुल लिन वस्तुहरूको भाउ निर्धारणका लागि त्यसको गुणस्तर र आकार-प्रकार आदि पनि हेर्नुपर्ने हुन्छ । सही भन्सार महसुल असुल गर्न हामी प्रयास गर्ने गरेका छौं ।'

कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ ले कुनै पनि वस्तुको मूल्यमा २० प्रतिशतभन्दा बढी नाफा लिन नपाउने किटान गरेको छ । ऐनको दफा २ अनुसार खरिद गरिएको मूल्यमा भाडा, भन्सार महशुल, कानुनी दस्तुर, प्रतिष्ठान खर्च र एजेन्टको कमिसन जोडेर त्यसको वास्तविक मूल्य निर्धारण गर्ने व्यवस्था गरेको छ ।

भारत र तेस्रो मुलुकबाट सामान ल्याउँदा यी खर्च वस्तुको मूल्यको ३ देखि ५ प्रतिशत पर्ने गरेको व्यपारी नै बताउँछन् ।

ऐनको दफा ३ अनुसार ‘सयकडा २० भन्दा बढी मुनाफा लिए वा अभावको लाभ उठाइ मालवस्तुको अनुचित लाभ लिई बिक्री गरे पाँच वर्षसम्म कैद वा जरिवाना अथवा दुबै हुन सक्ने' व्यवस्था छ ।

व्यापारीले भन्सारमा घोषणा गरेको मूल्यलाई आधार मान्दा उनीहरूले सबै वस्तुमा तीन गुणाभन्दा बढी नाफा गरेको देखिनुले स्वतः कालोबजारी भएको पुष्टि हुन्छ । तर, कालोबजारी नियन्त्रण गर्ने जिम्मेवारी लिएका सरकारी कार्यालय भने यसको जिम्मेवारी लिँदैनन् ।

‘जिल्ला प्रशासनले हेर्ने कामभित्र खाद्यान्न वस्तुको मूल्य पर्दैन । हामीले गुणस्तर पो हेर्ने हो,' जिल्ला प्रशासन कार्यालय पर्साका खाद्य निरीक्षक प्रदीप काफ्लेले भने, ‘गुणस्तर निरीक्षण गर्ने काम निरन्तर गरेका छौं ।'

वाणिज्य कार्यालय प्रमुख दुर्गा नकर्मीले पनि आफ्नो कार्यालयले हेर्ने विषयभित्र यो समस्या नपर्ने बताइन् । ‘जिल्ला प्रशासनले मूल्य समायोजनको काम गर्ने हो,' उनले भनिन् ‘बिल काटेको छ कि छैन, तोकिएको अधिकतम मूल्यभन्दा बढी लिएको छ कि लगायत हामी हेर्छौं । कसैले सप्रमाण उजुरी दिए सुनुवाइ गर्ने गरेका छौं ।'

व्यवसायी सरकारी अनुगमनकै खाँचोले यस्तो बेथिति भएको स्विकार्छन् । ‘२० प्रतिशत भन्दा बढी नाफा लिने वा भन्सार महशुल छल्ने व्यापारीलाई कारबाही हुनुपर्छ,' वीरगन्ज उद्योग वाणिज्य संघका महासचिव सुवोध गुप्ताले भने, ‘बजारको मूल्य भन्सारलाई थाहा हुनुपर्छ । व्यापारीले खरिद गरेको मूल्यमा नै भन्सार लाग्नुपर्ने हो ।'

आयातित वस्तुको भन्सारमा घोषणा गरिएको मूल्य र बजार भाउ

वस्तु/ भन्सारमा घोषित मूल्य/ वीरगन्जको बजार भाउ
दाल रहर प्रति किलो रु. ४०/- प्रति किलो रु. १३०/-
दाल मसुरो " रु. ३५.२०/- " रु. ९५/-
दाल मास " रु. ४०/- " रु. १००/-
दाल चना " रु. ३५.२०/- " रु. १२५/-
दाल मुंग " रु. ४३.२०/- " रु. १४५/-
चना " रु. ३२/- " रु. १००/-
काबुली चना " रु. ४०/- " रु. १६०/-
सेतो केराउ " रु. ३९/- " रु. ६८/-
हरियो केराउ " रु. ५२/- " रु. ८०/-
कालो राजमा " रु. ३५.२०/- " रु. १६०/-
मुंग गेडा " रु. ४०/- " रु. १४०/-
तोरी तेल प्रतिलिटर रु. १०१/- प्रतिलिटर रु. १८४/-
सूर्यमुखी तेल " रु. १०१/- " रु. १९०/-